# समाज चिनाउने जमर्को

**पुस्तक** समाज अध्ययन **सम्पादन समूह** प्रत्यूष वन्त, देवराज हुमागाई, नीति अर्याल खनाल, अर्जुन पन्थी, आन्विका गिरी, चुडामणि बस्नेत, प्रमोद भट्ट, महेशराज महर्जन, लोकरञ्जन पराजुली र शेखर पराजुली **प्रकाशक** मार्टिन चौतारी **पृष्ठ** २९२+१६ **मूल्य** रू.३००




२०६३ सालमा प्रकाशन प्रारम्भ भएको *मिडिया अध्ययन* जर्नलले दशकपछि रूप मात्र होइन गुण पनि फेरेको छ । १० अंकको नियमित प्रकाशनपछि यो जर्नल *समाज अध्ययन* बनेको छ । सम्पादकीय पढ्दा थाहा हुन्छ, नयाँ स्वरूपमा आउनु यसको रहरभन्दा बढी बाध्यता रहेछ । मिडिया सम्बन्धी स्तरीय सामग्री अभावका कारण जर्नलको दायरा फराकिलो बनाउनु परेको सम्पादन समूहको स्पष्टोक्ति छ ।

नेपाली आमसञ्चारमाध्यमका विषयमा छापिएका प्राज्ञिक सामग्रीको स्वादमा रमाउनेहरूका लागि भने *मिडिया अध्ययन* को नयाँ स्वरूप 'प्रिय' नहुन सक्छ । तथापि, आमसञ्चारसँगै, समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, इतिहास, दर्शन, भूगोल, भाषा, कला, संस्कृतिलगायतका विविध विषयमा गहिरो रूचि राख्नेहरूका लागि भने यो शुरूआतलाई सुखद मान्न सकिन्छ ।

*समाज अध्ययन* को नयाँ ११औं अंकको आरम्भमा शुक्रसागर श्रेष्ठका अनुसन्धानमूलक आलेख 'नेपालको पहिलो ममीभूत अवशेष' प्रस्तुत गरिएको छ । आलेखमा मुस्ताङ जिल्लास्थित मुक्तिनाथ उपत्यकाको मानव निर्मित गुफामा भेटिएका ममीभूत, लासका अवशेष, मूर्ति, भाँडाकुँडा आदिलाई आधार बनाएर तयार गरिएको दुई हजार वर्ष अघिको समाजको चित्रण छ । पुरातात्विक वस्तुमार्फत त्यसक्षेत्रमा मानव विकास कसरी भयो र त्यससँग सम्बन्धित सांस्कृतिक, सामाजिक अवस्था र चरणबद्ध विकासक्रमबारेको यो सामग्री रोचक छ ।

पुरातत्व विभाग र जर्मनीको कोलोन विश्वविद्यालयले २५ वर्ष पहिले उत्खनन् गर्दा भेटिएका तथ्यबारे विस्तृत जानकारी समेटेका लेखकले यो लेख पहिलोपटक सन् २००३ मा अंग्रेजी भाषामा छपाएका थिए । 'पुरातात्विक विश्लेषण' शीर्षकको उक्त लेखको चौथो अनुच्छेदमा 'दुई थरी पहेंला र एउटा रातो रंगको स्रोत यो लेख पहिलो पटक छापिदासम्म पत्ता लागेको थिएन' भनिएको छ । तर, त्यसपछिको १४ वर्षमा भएका अनुसन्धानलाई लेखकले अद्यावधिक गर्न सकेका छैनन् ।

'नेपालको जैविक भूगोलको पुनरावलोकन' शीर्षकमा वनस्पतिविद् डा. तीर्थबहादुर श्रेष्ठको व्याख्यान वनस्पतिशास्त्रमा सामान्य चासो राख्ने जोकोहीले सहजै बुझ्ने गरी प्रस्तुत गरिएको छ । श्रेष्ठले पर्यावरणीय नक्शालाई नेपालीहरूको भाषिक, सांस्कृतिक वा जातीय विविधतासँग गज्जबसँग तुलना गरेका छन् । लेख अनुसार खोटे सल्ला र रानी सल्लाको क्षेत्रमा खस बाहुल्य देखिन्छ भने चिलाउने र कटुस पाइने क्षेत्रमा पूर्वमा राई र लिम्बू तथा पश्चिममा मगर र गुरूङको बाक्लो बस्ती छ । तामाङ र नेवारको बढी बसोबास रहेको मध्य नेपालमा भने पश्चिमको खोटे सल्ला, पूर्वको चिलाउने, कटुस, बाँझ बढी पाइन्छ ।

पश्चिम नेपालका २० जिल्ला, भारत र भूटानका तिब्बतसँग जोडिएको भूभागमा पाइने यार्सागुम्बाको विनिमय संरचनाको साँगोपाँगोमा योगेश राज र अंकलाल चलाउनेको अध्ययन गहन लाग्छ । यस्तै, गीता चौधरीले थारू र क्षेत्री/बाहुन समुदायका विद्यार्थीलाई 'केस स्टडी' बनाई उनीहरूको 'सिकाइ' बारे चितवनमा गरेको अध्ययनमा आधारित लेख, नीतिनिर्माता र शिक्षण पेशाका जोकोहीका लागि मननयोग्य छ । यससँगै मिल्दोजुल्दो विषयमा भीमबहादुर बोहराको अर्को लेख पनि छापिएको छ । उनले दलित समुदायका विद्यार्थीको उच्चशिक्षामा जीविकोपार्जनले पारेको प्रभाव विश्लेषण गरेका छन् ।

नेपाली बौद्धिकबारे प्रा.डा. कमलप्रकाश मल्ल र डा. हर्क गुरूङको झण्डै पाँचदशकअघिको पूर्वप्रकाशित आलेखले पनि जर्नलमा स्थान पाएको छ । जुन आजपर्यन्त उत्तिकै सान्दर्भिक लाग्छ । 'हाम्राबीच रसेल, सार्त्र, ग्राम्स्की खोज्नु वा हर्वट मार्क्युस्, नोम चोमस्की आविष्कार गर्नु वा ग्यालब्रेथ, मैकलुहान स्थापना गर्नु फलहीन प्रयास हुनजानेछः हामीसँग त शोषणरहित अवस्थाको परम सुख निमित्त दृढतापूर्वक उद्यमशील भएको नेपाली समाजका पांग्रामा विनीत र आदरणीय दाँतीहरू मात्र छन्', आफ्नो लेखमा मल्लले भनेका छन् । गुरूङले भने विद्यमान व्यवस्थाप्रतिको आस्था र अनास्था भन्दा पनि सामाजिक आवश्यकताप्रतिको औचित्य र आवश्यकतामा बुद्धिजीवीहरूले आफूलाई खरो उतार्न सक्नुपर्नेमा जोड दिएका छन् ।

कास्की जिल्लाको उच्च पहाडी गाउँ ताङतिङमा पुगेको इन्टरनेट सेवा सम्बन्धी लेखमा दुर्गम क्षेत्रमा प्रविधि पुऱ्याउँदाको चुनौती मात्रै होइन प्रविधिको पहुँचपछिको सामाजिक प्रभावसमेत चर्चा गरिएको छ । तर अतिविकट गाउँमा इन्टरनेट पुऱ्याएका म्यागासेसे पुरस्कारधारी महावीर पुनलाई आलोचनाकै लागि गरिएको आलोचनाले लेखको ओज घटाएको छ । प्राज्ञिक अनुसन्धानका लागि आर्थिक स्रोत कति चुनौतीपूर्ण छ भन्ने विषयमा देवेन्द्र उप्रेती र लोकरञ्जन पराजुलीको टिप्पणी मननीय छ । जर्नलमा प्रकाशित गोपाल गुरागाई र तुला अधिकारीसँगको अन्तर्वार्ताले देशभरि ७०० को हाराहारीमा रहेका एफएम रेडियोको गुणस्तरबारे घोत्लिन बाध्य तुल्याउँछ । समाज विज्ञानमा केन्द्रित हुन लागेको *समाज अध्ययन* को भविष्य यसको नियमितता र गुणवत्तामा निर्भर हुने नै छ । तर, अहिलेका लागि यस शुभ काममा लागिरहन प्रकाशक र सम्पादन समूहलाई हौस्याउन कञ्जुसी गर्नुपर्ने ठाउँ देखिंदैन ।

**सन्त गाहा मगर**